# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## विजया दशमी २०८२ को शुभकामना सन्देश

बडादशै २०८२ को पावन अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र वैभवको हार्दिक मङ्गलमय शुभकामना टक्र्याउन चाहन्छु।

घटस्थापनाको दिनदेखि शुरू हुने बडादशै कोजाग्रत पूर्णिमाका दिनसम्म जारी रहन्छ । यो अवसरमा विभिन्न शक्तिपीठहरूमा विविध धार्मिक चलनअनुसार पूजा अर्चना र धार्मिक कृयाकलापहरू सम्पन्न गरिन्छ। फूलपातीको पावन दिनदेखि महाअष्टमी, महानवमी हुँदै विजयादशमीसम्मको यात्राले नेपाली समाजलाई आस्था, संस्कार र एकताको अनन्त धरोहरमा बाँध्ने कार्य गरेको छ। दशैं केवल पर्व मात्र नभई असत्यमाथि सत्यको विजय, अन्यायमाथि न्यायको स्थापना र अन्धकारमाथि प्रकाशको उदयको अनन्त प्रेरणा हो।

फूलपातीको दिन विधिवत फूलपाती भित्र्याइन्छ भने महाअष्टमी र महानवमीमा शक्तिपीठहरूमा विधिवत पूजा अर्चना गरिन्छ। विजयादशमीको दिन मान्यजनहरूबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने गरिन्छ र यो क्रम कोजाग्रत पूर्णिमासम्म जारी रहन्छ। समग्रमा बडादशै शक्तिको जागरण र आत्मबलको प्रतीक हो। यसले दृढ निश्चय, धैर्य र न्यायको रक्षा गर्ने अटल भाव जगाउँछ। यो पर्वले सत्य, धर्म र न्यायको विजयी क्षणलाई उजागर गर्दै समाजमा शान्ति र सहअस्तित्वको ज्योति फैलाउँछ।

हाम्रो देश हाल रुपान्तरणको संवेदनशील चरणमा छ। हालैको आन्दोलन, जनधनको अपूरणीय क्षती र विकसित घटनाक्रमले आम नागरीकमा उल्लास देखिएको छैन। दशैको मुखमा यात्रुहरूले ठुलो सास्ती बेहोर्नुपरेको छ। पीडाबाट गुज्रेको बेला आम समुदायमा उल्लास र रौनकता देखिएको छैन।

आशा गरौं यो पर्वले शान्ति, स्थिरता र समृद्धिको ढोका खोल्नेछ। चुनौतीहरूको यो परिवेशलाई अवसरमा बदल्नका लागि दशैंले दिने संयम, साहस र सहकार्यको प्रेरणाले हामी सबैलाई उर्जा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु।

यस महान् पर्वले नागरिकबीच आपसी सद्भाव, भ्रातृत्व र सहअस्तित्वलाई अझ सुदृढ बनाओस्। हरेक घर–घरमा सुख, शान्ति र समृद्धिको आशीर्वाद पुग्दै हाम्रो समाजलाई सभ्य, प्रगति र समृद्धिको दिशातर्फ अघि बढाउन सघाओस् भन्ने मेरो हार्दिक शुभेच्छा रहेको छ।

तडकडक र फजूल खर्च नगरी आ-आफ्नो गच्छे अनुसार पर्व मनाउन यो पर्वले प्रेरणा दिनेछ भन्ने अपेक्षाका साथ पुनः सबैमा बडादशै २०८२ को हार्दिक शुभकामना व्यक्त गर्दछु।

**२०८२ साल असोज १३ गते सोमबार**
**ने.सं. ११४५ कौलाथ्व: सप्तमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**